
खावासाकी अन्तर्राष्ट्रिय केन्द्र
KIAN

# हेल्लो खावासाकी

**जापानिज, अंग्रेजी, चिनियाँ, कोरियन या उत्तर कोरियन, स्पेनिश, पोर्तुगाली, तागालोग, भियतनामी, थाई, इन्डोनेसियाली, नेपाली र सजिलो जापानिज**
संघको होम पेज (https://www.kian.or.jp/hlkwsk.html) मा हेर्नुहोस् ।
खावासाकी अन्तर्राष्ट्रिय संघ २-२ किजुकी गिओन्च्यो, नाकाहारा वडा, खावासाकी , खानागावा प्रान्त, २११-००३३, जापान
फोन नं:044-435-7000 फ्याक्स नं:044-435-7010 https://www.kian.or.jp/ ईमेल : kiankawasaki@kian.or.jp

## विदेशीहरुको लागि रमाईलो र उपयोगी जापानिज भाषाको कक्षा

- सानो समूह बनाएर समूहमा पढाईन्छ ।
- जापानिज संस्कृति तथा आफू बस्ने क्षेत्र र त्यहाँ आईपर्ने प्राकृतिक प्रकोपको बारेमा बुझ्नको लागि आवश्यक कार्यक्रमहरु पनि हुन्छ ।



### बिहानको कक्षा प्रत्येक मंगलबार र शुक्रबार बिहान ९:५० देखि ११:५० सम्म

पहिलो सेमेस्टर अप्रिल १२ तारिख (मंगलबार) – जुन २८ तारिख (मंगलबार) (२१ पटक) ११,५५० येन
दोस्रो सेमेस्टर सेप्टेम्बर १३ तारिख (मंगलबार) – डिसेम्बर २ तारिख (शुक्रबार) (२२ पटक) १२,१०० येन
तेस्रो सेमेस्टर २०२३ साल जनवरी १० तारिख (मंगलबार)– मार्च ७ तारिख (मंगलबार) (१७ पटक) ९,३५० येन
※नि:शुल्क बच्चा हेरिदिने सुविधा छ । (१ वर्ष भन्दा माथिको) पाठ्यक्रमको शुल्क छुट्टै लाग्ने छ ।



### रातिको कक्षा प्रत्येक बुधबार साँझ ६:३० देखि ८:३० सम्म

पहिलो सेमेस्टर अप्रिल १३ तारिख– जुलाई ६ तारिख (बुधबार) (१२ पटक) ६,६०० येन
दोस्रो सेमेस्टर सेप्टेम्बर ७ तारिख– डिसेम्बर २१ तारिख (बुधबार) (१५ पटक) ८,२५० येन
तेस्रो सेमेस्टर २०२३ साल जनवरी ११ तारिख– मार्च ८ तारिख (बुधबार) (९ पटक) ४,९५० येन
※बच्चा हेरिदिने सुविधा छैन । पाठ्यक्रमको शुल्क छुट्टै लाग्ने छ ।

स्थान : खावासाकी अन्तर्राष्ट्रिय केन्द्र सम्पर्क : खावासाकी अन्तर्राष्ट्रिय संघ
फोन नं : 044-435-7000 ईमेल : kiankawasaki@kian.or.jp
※कक्षा शुरुहुने दिन परिवर्तन अथवा अनलाइन पनि हुन सक्छ। त्यसैले आवेदन फारम भर्न जादा राम्ररी सोधेर हेर्नुहोस्।

*************************************************************************************

## विदेशीहरुको लागि "नगरपालिका द्वारा व्यवस्थापन गरिएको घरको आवेदन फाराम" भर्ने तरिका सिकाउने कार्यक्रम



नगरपालिका द्वारा व्यवस्थापन गरिएको घरको आवेदन दिन चाहने तर फारम भर्ने तरिका थाहा नभएकाहरुलाई आवेदन फारम भर्ना सिकाइन्छ। साथै तेहि बेलानै फर्म भरेर बुझाउन पनि मद्दत गर्ने छ।

(फारम भर्दा अंग्रेजी, चाइनिज, कोरियन, उत्तर-कोरियन, पोर्तुगाली, स्पेनिश, तागालोग, थाई, नेपाली, भिएतनाम र इन्डोनेशियन भाषामा अनुवाद गरेर तपाईहरुको सहयोगको गर्ने व्यवस्था पनि छ।)

**नि:शुल्क** **अग्रिम बुकिंग गर्नु पर्ने**

**मिति र समय : जून ११ तारिख (शनिबार)** बिहान १० बजे देखि १२ बजे सम्म
**स्थान** : खावासाकी अन्तर्राष्ट्रिय केन्द्र, दोस्रो तल्लाको ग्रुप गतिविधि कोठा
**आवेदन दिने अन्तिम म्याद** : जून ८ तारिख (बुधबार) ४ :३० सम्ममा फोन, ईमेल अथवा केन्द्रमा आउनुहोस्।

**नगरपालिका द्वारा व्यवस्थापन गरिएको घर भनेको के हो त ?** आवासको समस्या परिरहेका आम्दानी कम भएकाहरुको लागि देश र शहरको आपसी सहयोगमा बनाइएको शहरको स्वामित्वमा रहेको आवास हो। निवेदन दिन पाइने अवधि तथा बसाई सरिसकेपछि पनि वार्षिक आयको मापदण्ड जस्ता विभिन्न नियमहरु छन्, जुन निजी आवास भन्दा फरक छन्। बसाई सर्दा कुनै पनि विशेष शुल्क वा नवीकरण शुल्क लाग्दैन । तर प्रत्येक वर्ष आय सर्वेक्षण गरि प्रयोग शुल्क (घर भाडा) निर्धारण गरिन्छ।

**आवेदनको लागि चाहिने योग्यता**: (१) वयस्क
(२) १ बर्ष वा सोभन्दा बढी सम्बन्धित शहरमा बसाइ वा सो शहरमा काम गरेको हुनु पर्ने
(३) मासिक आय निश्चित रकम ननाघेको
(४) आवासको समस्या परिरहेकाहरु इत्यादि





# यदि तपाईको कुरालाई लिएर चिन्तित हुनुहुन्छ भने•••



## ◎कोरोना भाइरस संक्रमण सम्बन्धि सामान्य परामर्श सेवा बारे

### १. खावासाकी शहरुमा कोरोना भाइरसको खोप लगाउनको लागि बुकिंग गर्ने केन्द्र:

**फोन नं. :** 0120-654-478 (बिहान ८:३० देखि साँझ ६:००) (शनिबार, आइतवार र बिदाका दिनहरुमा पनि खुल्ला हुने)

**जापानी, अंग्रेजी , चिनियाँ, कोरियन, पोर्तुगाली र स्पेनिश भाषामा परामर्श उपलब्ध छ।**



### २. ज्वरो जस्ता लक्षणहरु भएका व्यक्तिहरुको लागि जानकारी

सधै जचाउने चिकित्सकसँग परामर्श लिई जचाएर हेरौं।

**・जचाउन मिल्ने चिकित्सा संस्थाहरुमा अथवा खावासाकी शहरको कोरोना भाइरस संक्रमण तथा खोप लगाउनको लागि बुकिंग गर्ने केन्द्रमा सम्पर्क गर्नुहोस्।**

**फोन नं. :** 044-200-0730

**समय :** २४ घण्टा (शनिबार, आइतवार र बिदाका दिनहरुमा पनि खुल्ला हुने)

**परामर्श लिन सकिने कुराहरु :** कोरोना भाइरस संक्रमणको बारे, संक्रमणको रोकथाम तथा अन्य

### ३. स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयको बहुभाषिक टेलिफोन परामर्श काउन्टर (कल सेन्टर)

**फोन नं :** 0120-565653 (फोन गरेको शुल्क लाग्दैन्।) (शनिबार, आइतवार र बिदाका दिनहरुमा पनि खुल्ला हुने)

**अंग्रेजी , चिनियाँ, कोरियन, पोर्तुगाली र स्पेनिश, थाई र भियतनामी भाषामा परामर्श उपलब्ध छ।**

**समय :** बिहान ९:०० देखि राति ९:०० सम्म ◇**थाई भाषा :** बिहान ९:०० देखि साझँ ६:०० सम्म

◇**भियतनामी भाषा :** बिहान १०:०० देखि साझँ ७:०० सम्म

***************************************************************************

# २०२२ साल इन्टरनेसनल फेस्तिबल इन खावासाकी

विश्वको विभिन्न संस्कृति र नृत्यको अनुभव गरि रमाउन सकिने यो कार्यक्रम ३ वर्ष पछि अग्रिम बुकिंग गरेर सहभागी हुने तारिकबाट आयोजना गर्ने भएका छौं।





**प्रतिक्षया गर्नुहोस् !** **सिमित दर्शक राखेर गरिनेछ।**

**मिति र समय :** जुलाई ३ तारिख (आइतबार) बिहान १०:०० देखि दिउँसो ४:३० सम्म (योजना)

**स्थान :** खावासाकी अन्तर्राष्ट्रिय केन्द्र

***************************************************************************

# खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको विदेशी भाषाको परामर्श सेवा

**केहि प्रश्न भएमा अथवा तपाइलाई केहि समस्या परेमा हामीलाई सम्पर्क गर्नुहोला। (निःशुल्क)**

**ZOOM प्रयोग गरेर ओन्लाइन परामर्श लिन सक्नु हुन्छ !** होमपेजबाट बुकिङ्ग गर्नुहोस्।

＊परामर्श सेवाको समय : बिहान ९ बजे देखि ५ बजे सम्म (दिउँसो खाजा खाने समयमा पनि सेवा उपलब्ध छ।)

＊ परामर्श सेवाको प्रत्यक्ष फोन नं. : **044-455-8811**

**सम्बन्धित भाषाको अनुवादक/सल्लाहकार नभएको बारहरुमा पनि फोन मार्फत परामर्शको व्यवस्था छ।**

| भाषा | बार | भाषा | बार |
|---|---|---|---|
| अंग्रेजी | सोमबार देखि शनिबार | चिनियाँ | सोमबार देखि शनिबार |
| पोर्तुगाली | मंगलबार र शुक्रबार | स्पेनिश | मंगलबार र बुधबार |
| कोरियाली/उत्तर कोरियाली | मंगलबार र बिहीबार | तागालोग | मंगलबार र बुधबार |
| भियतनामी | मंगलबार र शुक्रबार | थाई | सोमबार र मंगलबार |
| इन्डोनेसियाली | मंगलबार र बुधबार | नेपाली | मंगलबार र शनिबार |

ओन्लाइन परामर्शको लागि निबेदन दिने पेज

खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको पेज

## ＊प्रशासनिक अधिकृतद्वारा नि:शुल्क परामर्श सेवा

(जापानिज भाषामा मात्र परामर्श सेवा उपलब्ध गराइने भएतापनि अन्य भाषामा अनुवाद गराई लिने व्यवस्थाको बुकिंग पनि गर्न सकिने, तर सशुल्क)

**मिति र समय:** २०२२ साल अप्रिल १७ (आइतबार) , मे १५ (आइतबार) दिउँसो २ बजे देखि ४ बजे सम्म

**स्थान:** खावासाकी अन्तर्राष्ट्रिय केन्द्र दोस्रो तल्ला, संघको बैठक कोठा